आज मिति २०७४ आषाढ १२ गते सोमवारका दिन व्यास नगरपालिकाका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री तमबहादुर दरै | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री कल्पना पोखेल | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री नरीमाया थापा | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| - बरिष्ठ आलेप अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| - लेखा अधिकृत | श्री मेघनाथ आचार्य | ,, |
| - प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | ,, |
| - इन्जिनियर | श्री रविन्द्रलाल मुल | ,, |
| - कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | ,, |
| - शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | ,, |
| - इन्जिनियर | श्री निर्मल वाग्ले | ,, |

निर्णय नं.१: विविध धर्म र संस्कृतिको देश नेपालमा विभिन्न धर्मावलम्बीहरुको आआफ्नै चाडपर्वहरु मनाउने सन्दर्भमा मुस्लिम धर्मावलम्बीहरुको महान् पर्व इदुल फित्र मिति २०७४ आषाढ १२ गते सोमवारका दिन पर्न गएको र उक्त दिन नेपाल सरकारले सार्वजनिक बिदा समेत दिई पर्व मनाउने अवसर प्रदान गरेकोमा इस्लाम धर्मावलम्बीहरुलाई व्यास नगरपालिकाको तर्फबाट समेत हार्दिक शुभकामना दिने निर्णय गरियो ।

निर्णय नं.२: यस नगरपालिकाको दैनिक सेवा प्रवाहलाई सहज गराउन, योजना तर्जुमा प्रक्रियालाई समावेशी, समानुपातिक एवं पारदर्शी गराउन तथा आन्तरिक आयलाई मजवुत गराउंदै नगरको समुन्नत विकासमा टेवा पुर्‍याउने उद्देश्यले नगर सभाबाट अनुमोदन गर्ने गरी आर्थिक दिग्दर्शन २०७४ बमोजिम निम्न अनुसारका पदाधिकारीहरु रहने गरी समितिहरु गठन गर्ने निर्णय गरियो ।

**क) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति**

१) संयोजक प्रमुख श्री वैकुण्ठनाथ न्यौपाने

२) सदस्य उपप्रमुख श्री मिरा जोशी
३) सदस्य कार्यकारी अधिकृत श्री हरिप्रसाद बास्तोला
४) सदस्य श्री तमबहादुर दरै
५) सदस्य श्री ओजराज पौडेल
६) सदस्य श्री चन्द्रमाया परियार
७) सदस्य सचिव श्री रविन्द्रलाल मूल

**ख) राजश्व परामर्श समिति**

१) संयोजक उपप्रमुख श्री मिरा जोशी
२) सदस्य कार्यकारी अधिकृत श्री हरिप्रसाद बास्तोला
३) सदस्य श्री केशबहादुर सुनार
४) सदस्य श्री नरीमाया राना
५) सदस्य श्री कृष्ण आचार्य
६) सदस्य श्री पविन्द्रकुमार श्रेष्ठ
७) विशेष आमन्त्रित सदस्य श्री शान्तिरमण वाग्ले
८) विशेष आमन्त्रित सदस्य श्री आत्माराम बास्तोला
९) सदस्य सचिव लेखा अधिकृत मेघनाथ आचार्य

**ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति**

१) संयोजक उपप्रमुख श्री मिरा जोशी
२) सदस्य श्री विषयगत समितिका ६ जना संयोजक
३) सदस्य सचिव कार्यकारी अधिकृत श्री हरिप्रसाद बास्तोला

**घ) योजना अनुगमन तथा जाँचपास समिति**

१) संयोजक उपप्रमुख श्री मिरा जोशी
२) सदस्य श्री लेखबहादुर राना
३) सदस्य श्री तुलसीराम सापकोटा
४) सदस्य श्री निरबहादुर खड्का
५) सदस्य सचिव श्री रविन्द्रलाल मुल

**ङ) विधेयक समिति**

१) संयोजक श्री अमृत नेपाली
२) सदस्य श्री कल्पना पोखेल
३) सदस्य सचिव श्री रामचन्द्र हड्खले

**च) आर्थिक समिति**

१) संयोजक श्री काशीराम श्रेष्ठ
२) सदस्य श्री खरसिं दरै
३) सदस्य श्री कृष्णदेवी खनाल
४) सदस्य श्री रविन पौडेल
५) सदस्य सचिव लेखा अधिकृत श्री मेघनाथ आचार्य

**छ) सामाजिक विकास समिति**

१) संयोजक श्री काजीमान श्रेष्ठ
२) सदस्य श्री सुरेश थापा
३) सदस्य श्री केशरी दुरा
४) सदस्य श्री चुडामणि दाहाल
५) सदस्य सचिव सूचना अधिकारी श्री गोकर्णराज वाग्ले

**ज) पूर्वाधार विकास समिति**

१) संयोजक श्री सतिशचन्द्र न्यौपाने
२) सदस्य श्री प्रेमकुमार श्रेष्ठ
३) सदस्य श्री मधुमाया घर्ती
४) सदस्य श्री बसुन्धरा घर्ती

५) सदस्य सचिव　　　　श्री रविन्द्रलाल मुल

**झ) विपद व्यवथापन र वातावरण समिति**

१) संयोजक　　　　श्री मोहनकुमार श्रेष्ठ
२) सदस्य　　　　श्री सुनसरी गुरुङ
३) सदस्य　　　　श्री लक्ष्मी परियार
४) सदस्य　　　　श्री विनोद पौडेल
५) सदस्य सचिव　　　　शाखा अधिकृत श्री कृष्णराज घिमिरे

**ञ) वित्तीय व्यवस्थापन र सुशासन समिति**

१) संयोजक　　　　श्री सूर्यभक्त भण्डारी
२) सदस्य　　　　श्री अमृत नेपाली
३) सदस्य　　　　श्री मिना राना पन्थ
४) सदस्य　　　　श्री एकराज तिवारी
५) सदस्य सचिव　　　　ब.आ.ले.अ.अधिकृत श्री कुमार कंचन जि.सी.

**ट) संस्थागत विकास तथा सेवा प्रवाह समिति**

१) संयोजक　　　　श्री विश्वराज न्यौपाने
२) सदस्य　　　　श्री तोत्रबहादुर कंवर
३) सदस्य　　　　श्री पतिमाया दरै
४) सदस्य　　　　श्री निरबहादुर ठकुरी
५) सदस्य सचिव　　　　प्रशासकीय अधिकृत रामचन्द्र हड्खले

निर्णय नं.३: व्यास नगरपालिकाद्वारा चालु आ.व.मा भए गरेका विकास निर्माण लगायत अन्य विविध गतिविधिहरुका सम्बन्धमा नगरवासीहरुको राय, सुझाव र सल्लाहका लागि २०७४ आषाढ १८ गते दिनको १२.३० बजे व्यास १४ केशवटारमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं.४: कास्की जिल्ला पोखरालेखनाथ महानगरपालिका वडा नं.१२ बस्ने कृष्णबहादुर गुरुङले आफ्नो नाउंमा रहेको व्यास नगरपालिका वडा नं.१२ स्थित साविक कर्लुङ ४/झ र ४/ग को कि.नं.४३,१९ र ५१ जग्गा रोपनी ४-२-३-२, ५-१-१-३ र १३-१-२-१ का कित्ता जग्गाहरुलाई वस्ती विकास मापदण्ड २०७२ अनुसार हुने गरी सडक ऐन २०३१ को बर्खिलाप नहुने गरी जग्गा सम्याउन अनुमति पाउं भनी दिनु भएको निवदेन बमोजिम यस कार्यालयका प्राविधिक अध्ययन तथा सर्जमिन मुचुल्का समेतका आधारमा कुनै वातावरणीय प्रदुषण एवं भूक्षय समेत नहुने गरी उल्लेखित जग्गाहरु सम्याउन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.५: व्यास नगरपालिका वडा नं.१२ स्थित छाब्दी बाराही मन्दिर दर्शनका लागि भक्तजनहरु लिएर गएका गाडीहरु पार्किङ गर्ने स्थानलाई पार्किङ शुल्क वापत बार्षिक रु.२ लाखमा ठेक्कामा लगाउने कार्यका लागि गोप्य सिलबन्दीद्वारा टेण्डर आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं.६: व्यास नगरपालिकालाई व्यवस्थित र मर्यादित गराउनका लागि आवश्यक पर्ने निम्नानुसारका नियमावली तथा कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

(क) नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४
(ख) नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४
(ग) नगर कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४

निर्णय नं.७: तनहुं हाइड्रो परियोजना स्थलसम्म जाने व्यास न.पा.वडा नं.५ (साविक ७) को पराशर मार्ग सम्बन्धमा एकिन हुन नसकी विवाद देखिन आएको सन्दर्भमा व्यास नगर कार्यपालिकाको ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा स्थलगत निरीक्षण, नगरपालिकाको अभिलेख एवं स्थानीय सामाजिक अगुवाहरुसंगको परामर्श समेतबाट पराशर मार्ग पृथ्वी राजमार्गदेखि पराशर नि.मा.वि. को अगाडि हुँदै परशुराम गिरीको साविक जग्गादेखि दक्षिण पश्चिमतर्फ सेती नदीमा रहेको पुरानो झोलुङे पुलसम्मको बाटो रहेकोमा परशुराम गिरीको जग्गा भएको चोकदेखि झोलुङपुल समेत नभएको र उक्त चोकदेखि हाल बनेको पक्की पुलसम्म परियोजनाले जग्गा प्राप्ति गरी बाटो निर्माण भएको देखिन्छ । अब परशुराम गिरीको साविक जग्गा रहेको चोकदेखि परियोजनाको बांधसम्म जाने वेतेनी मार्ग ४ (चार) मिटर कायम गरी सो भन्दा बढी परियोजनालाई आवश्यक पर्ने स्थानीयहरुको हकभोग दर्ताका जग्गाहरु कानुन बमोजिम प्राप्त री परियोजनाको कार्य गर्नु गराउनु हुन तनहुं हाइड्रो परियोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।